जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९
स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३२ | अंक १७५ | २०७९ साल माघ २७ गते शुक्रबार (10 Feb. 2023 Friday) | मूल्य रु. ५/-




**Log in :** *rajbirajdainik.com.np*

*यस अंक भित्र :* २ पृष्ठमा : सङ्कटमा मधेसका एफएम... ३ पृष्ठमा : पूर्व-पश्चिम विद्युतीय... ३ पृष्ठमा : टर्कीए र सिरियामा भूकम्पमा...

# पुर्ण साक्षर प्रदेश बनाउन मधेश प्रदेशमा अभियान चलाइदै : शिक्षा मन्त्री यादव



**दैनिक समाचारदाता**
**राजविराज, २६ माघ ।**

मधेस प्रदेश सरकारका शिक्षा विज्ञान, प्रविधि तथा बाणिज्य मन्त्री महेश प्रसाद यादवले मधेस प्रदेश अशिक्षित प्रदेशको रुपमा परिचित रहेकोले यसलाई पुर्ण साक्षर प्रदेश बनाउन अभियान चलाउन लागेको जानकारी दिएका छन् ।

राजविराज नगरपालिका ६ स्थित श्री आधारभुत विधालय थानगाछीको विहीवार स्वर्ण जयन्ती तथा शिक्षक विदाई समारोह कार्यक्रमलाई सम्बोधन गर्दै उनले सो जानकारी दिएका हुन् ।

सरकारको बजेटको ठुलो खर्च भईरहेको सामुदायिक विधालयको शैक्षिक गुणस्तर अस्तव्यस्त रहेकाले आवश्यक नीति बनाएर व्यवस्थित गर्ने कार्य अधि बढाएको उल्लेख गर्दै उनले शिक्षालाई विज्ञान र प्रविधिसँग जोड्न आवश्यक प्रविधिको विकास गर्न लागिएको उनले बताए ।

आफ्ना विधार्थीहरुलाई नियमित विधालय पठाउन अभिभावकहरुलाई आग्रह गर्दै मन्त्री यादवले अब अभियान अर्न्तगत आफ्नो विधार्थी पढिरहेको छ वा छैनन, गुणस्तरीय शिक्षा पाइरहेको छ वा छैन त्यसबारे पनि अवलोकन गर्न समेत सुझाव दिए ।

विधालयहरुको भौतिक संरचनासँगै सामुदायिक विधालयप्रति आकर्षण बढाउन सबैसँग सहकार्य गरेर अघि बढ्ने प्रदेश सरकार तयार रहेको उनको भनाई छ । थानगाछी विधालयसम्म पुग्ने बाटो बनाउन तत्काल आफ्नो संसदीय कोषबाट बजेट उपलब्ध गराउने, विधालयमा फर्निचर र भौतिक संरचना निर्माणका लागि प्रदेश सरकारले सहयोग गर्ने प्रतिबद्धता समेत उनले व्यक्त गरे ।

राजविराज नगरपालिकाका कार्यवाहक नगरप्रमुख इसरत प्रविणले नगरपालिकाले शिक्षा क्षेत्रलाई प्राथमिकतामा राखेको बताईन । शिक्षामा राजनीति गर्न

*बाँकी दुई पृष्ठमा*

# एक महिनामै सुदूरपश्चिम प्रदेश सरकार ढल्यो

**दैनिक समाचारदाता**
**काठमाडौं, २६ माघ ।**

सुदुर पश्चिम प्रदेशका मुख्यमन्त्री राजेन्द्रसिंह रावल नेतृत्वको सुदूरपश्चिम प्रदेश सरकार १ महिनामै ढलेको छ ।

प्रदेश सभामा विश्वासको मत पाउन नसकेपछि नेकपा माओवादी केन्द्रको समर्थनमा रहेको नेकपा एमाले नेतृत्वको सरकार ढलेको हो ।

संसदमा ७ सांसद रहेको नागरिक उन्मुक्ति पार्टी संसदमा उपस्थित नै नभएपछि प्रदेश सरकार अल्मतमा परेको हो ।

मुख्यमन्त्री रावलले विश्वासको मत माग्दै राखेको प्रस्ताव बहुमतले अस्वीकृत गरेको छ ।

प्रदेश सभाका सभामुख भीम भण्डारीले प्रस्ताव सुनाएलगत्तै सत्तापक्षका सांसदले मत विभाजन गर्न माग गरेका थिए तर छलफल गर्ने प्रस्तावमा मत विभाजन गराउने नियमावलीमा व्यवस्था नभएको भन्दै मत विभाजन गराएनन् ।

प्रदेश सरकार ढलेसँगै प्रदेश सभाको बैठक पनि अनिश्चितकालका लागि स्थगित भएको छ । अब प्रदेश प्रमुखले प्रदेश सभाको वैभन्दा ठूलो दल नेपाली कांग्रेसका संसदीय दलका नेता लाई मुख्यमन्त्रीमा नियुक्त गर्नेछन् । त्यरी नियुक्त हुने मुख्यमन्त्रीले एक महिनाभित्र प्रदेश सभाबाट विश्वासको मत प्राप्त गर्नु पर्नेछ ।

## जग्गा बिक्रिमा

राजविराज वडा नं. ६ थानगाछी स्कुलको दक्षिण पट्टीको जग्गा विक्रीमा छ । जग्गाको तिनै भागमा १२ फिटको बाटो भएको घर सहितको जग्गा लिने इच्छुक व्यक्तिले सिन्हा लँज राजविराजमा सम्पर्क गर्नुहुन अनुरोध छ ।

**सम्पर्क नं. ०३१-५३०४३४**

# झण्डै एक लाख महिला, दलित, सीमान्तकृत समुदाय फोटोसहितको मतदाता सूचिमा समावेश हुनबाट बञ्चित




**दैनिक समाचारदाता**
**राजविराज, २६ माघ ।**

सप्तरी जिल्लामा झण्डै १ लाख महिला, दलित लगायत सीमान्तकृत समुदाय फोटोसहितको मतदाता नामावलीमा समावेश हुनबाट बञ्चित रहेका छन् ।

दलितहरुको क्षेत्रमा क्रियाशिल गैरसरकारी संस्था दलित सरोकार मञ्च नेपाल कंचनपुर सप्तरीले विहीवार अग्नीसाईर कृष्णासवरण गाउँपालिकाको जण्डौलमा आयोजना गरेको "मतदाता नामावलीमा महिला, दलित लगायत सिमान्तकृत समुदायको पहुँचमा रहेको अवरोध" बारे पत्रकार सम्मेलन तथा दलित जनप्रतिनीधीहरुको जिल्ला भेलामा सो जानकारी गराएको हो ।

कार्यक्रममा बोल्दै संस्थाका कार्यकारी निर्देशक भोला पासवानले राज्यको नीती तथा महिला, दलित लगायतका सिमान्तकृत समुदायमा देखिएको अशिक्षा, पहुँचको अभाव, नागरिकताको समस्या, बेरोजगारी, प्राविधीक ज्ञानको अभाव जस्ता कारणले करिब १ लाखको हाराहारीमा ती समुदायका

*बाँकी तीन पृष्ठमा*

## आँखा स्वास्थ्यको लागि उत्कृष्ट उपचार



## तपाईकै सहर राजविराजमा



आँखा सम्बन्धि उत्कृष्ट सेवाका लागि सहज र सुलभ उपचारलाई मध्यनजर गरी नेपालकै दक्ष, अनुभवी तथा वरिष्ठ नेत्र विशेषज्ञहरुको सेवा अब उपरान्त **सगरमाथा आँखा अस्पताल प्रा.लि.**, रुपनी रोडमा उपलब्ध हुने सहर्ष जानकारी गराउँदछौं ।

*हाम्रा विशेषताहरु*

१. अनलाईन नाम दर्ताको सुविधा,
२. अत्याधुनिक फेको प्रविधिवाट मोतिया बिन्दुको शल्यक्रिया,
३. बिना सुई फेको प्रविधिबाट मोतिया बिन्दुको शल्यक्रिया,
४. एकै दिनमा शल्यक्रिया गराई डिस्चार्ज सेवाको व्यवस्था (Day Care)
५. सुख्खा आँखाको उपचार
६. कोर्निया अल्सर तथा आँखाको नानी प्रत्यारोपणको सम्बन्धि विशेषकृत सेवा
७. दृष्टिपर्दा उपचार तथा शल्यक्रियाको विशेषकृत सेवा
८. आँखाको बनावट तथा सौन्दर्यता कायम राख्नकालागि अकुलोप्लाष्टिको विशेषकृत सेवाहरु
९. जलबिन्दुको उपचार तथा शल्यक्रियाको विशेषकृत सेवा
१०. बच्चाको आँखा जाँचका सेवाहरु
११. वरिष्ठ दृष्टि विशेषज्ञद्वारा आँखाको पावर जाँच
१२. B-Scan/VisualField/OCT/Airpuff tonometer/Auto Refractometer लगायतका diagnostic सुविधाहरु

**सगरमाथा आँखा अस्पताल प्रा.लि.**

**राजविराज-८, रुपनी रोड, सम्पर्क नं. :- ९८०५७११२२२**
**बिरामी जाँचको समय :** बिहान ८:३० देखि ५:०० बजेसम्म

## सम्पादकीय ....

### दुर्घटना न्युनिकरणका लागि जनचेतना आवश्यक

सवारी दुर्घटनालाई न्युनिकरण गर्नका लागि अझै जनचेतनाको अभाव छ । सप्तरी जिल्लामा दिनहुँ जसो दुर्घटना भइरहेको छ । दुर्घटनामा दुई पाङ्ग्रे सवारी (मोटरसाइकल) बढी दुर्घटना हुने गरेको तथ्याङ्क छ । यसरी सवारी दुर्घटनालाई न्यूनिकरण गर्नका लागि प्रहरीले विभिन्न सचेतनामूलक कार्यक्रमदेखी सवारी चालकलाई चेतना समेत दिदै आएपनि खासै प्रभावकारी हुन सकिरहेको छैन् । यस्तै लामो तथा छोटो दुरीका सवारी चालकलाई समय समयमा दुर्घटना न्युनिकरणका लागि जनचेतना दिएको पाइन्छ । तर, हलुका सवारीको रुपमा लिइने मोटरसाइकल चालकलाई भने त्यस्तो कुनै सचेतना दिएको पाइन्न् ।

यता १८ देखी ३५ वर्षसम्मका नवयूवकहरु दुर्घटनामा बढी ज्यान गुमाउने गरेको प्रहरी तथ्याङ्कले देखाएको छ । मोटरसाइकल दुर्घटना हुने प्रमुख कारण गति अनियन्त्रित हुनु हो । यसका लागि स्वयम यूवाहरुले आफैले गति नियन्त्रण गर्नुपर्दछ । तर, त्यस्तो गरिएको पाइन्न् । यसबाहके अभिभावक पनि उत्तिकै गैरजिम्मेवार भएको देखिन्छ । सवारी अनुमति पत्र बिना नै नयाँ नयाँ मोटरसाइकल खरीद गरेर उनीहरुले आफ्ना बालबालिकालाई प्रोत्साहित गरेको देखिन्छ । यसका लागि अभिभावकले आफ्ना बालबालिकालाई संयमताका साथ गुडाउन नभन्नु र समय समयमा उनीहरुको गतिविधी समेतमा ध्यान दिन नसक्नु पनि हो ।

तसर्थ गति बढाएर दुर्घटनालाई निम्त्याउनु भन्दा सवारीसाधनलाई बिस्तारै चलाएर आफ्नो गन्तव्यतर्फ जान सबैले ध्यान दिनु उत्तिकै जरुरी छ भने अभिभावक समेतले आफ्ना बालबालिकालाई यसप्रति सचेत गराउन उत्तिकै जरुरी छ ।

# सङ्कटमा मधेसका एफएम रेडियो

जनकपुरधाम, २६ माघ (रासस) ।

विज्ञापन बजार र अन्य व्यवस्थापकीय समस्याका कारण मधेस प्रदेशमा सञ्चालिन एफएम रेडियो सङ्कटमा पर्दै गएका छन् । आमसञ्चार प्राधिकरण जनकपुरधामको तथ्याङ्कअनुसार हालसम्म १९ रेडियो बन्द अवस्थामा छन् ।

यही अवस्था रहे निकट भविष्यमा अन्य रेडियोले पनि सङ्कटको सामना गर्नुपर्ने अवस्था छ । प्राधिकरणका अध्यक्ष श्यामसुन्दर यादवले १९ रेडियो बन्द भइसकेको र करिब २५ प्रतिशत रेडियोले तलब खुवाउन नसक्ने अवस्थाका कारण दक्ष जनशक्ति भित्रचाउन नसक्दा समाचार तथा कार्यक्रम नै दिन नसकेको बताउनुभयो ।

"विज्ञापन बजार सीमित छ, स्थानीय सरकारले उपयुक्त कार्यविधि बनाउन नसक्दा समानुपातिक विज्ञापन वितरण गर्न सकेका छैनन्, यसले रेडियो बन्द हुँदै गएका छन्", उहाँले भन्नुभयो, "अब व्यावसायिक तथा सामुदायिक रेडियोको व्यवस्थापन र सुदृढीकरणका लागि रेडियो सञ्चालक एवं सरकारले ठोस योजना बनाउनुपर्छ, अन्यथा बन्द हुने रेडियोको सङ्ख्या अझै थपिने छ ।"

रेडियो व्यवस्थापक सन्तोष कर्णले बजारको अवस्था विश्लेषण नै नगरी राज्यले सानो ठाउँमा धेरै रेडियोको अनुमति दिने तर पछि कसरी सञ्चालन भइरहेका छन् भनेर नहेर्ने गरेकाले समस्या निम्तिरहेको बताउनुभयो । उहाँले सङ्घीयता आइसकेपछि प्रदेश सरकारले स्थानीय रेडियोलाई केही सहुलित दिने अपेक्षा गरेकामा उल्टै आफ्नै स्वामित्वमा रेडियो स्थापना गर्ने मनसाय राखेकामा दुःख व्यक्त गर्नुभयो ।

"स्थानीयस्तरमा व्यापार व्यवसाय सङ्कटमा छ, धेरै रेडियोको ध्वनि टकरावका कारण सुनिदैन । सीमावर्ती भारतीय बजारको विज्ञापन आउन छोडिसक्यो", कर्ण बताउनुहुन्छ, "भएका रेडियो पनि धौधौ चलिरहेका छन्, यस्तै रह्यो भने धेरै रेडियो बन्द हुनेछन् ।"

व्यवस्थापक रुपेश सिंहले सरकारी निकायबाट विज्ञापन नआउने र स्थानीय व्यापार व्यवसाय पनि नचलेका कारण विगतमा आउने विज्ञापन बन्द भइरहेकाले यहाँका रेडियोले सङ्कटको सामना गर्नुपरेको बताउनुभयो । "मधेश सरकारको साथ पाएका छैनौँ", उहाँले भन्नुभयो, "स्थानीय तह, प्रदेश सरकार र सरकारी निकायले उपयुक्त नीतिसहित हामीलाई सहयोग गर्नुपर्छ ।"

रेडियोकर्मी रामअशिष यादवले सानो ठाउँमा धेरै रेडियो हुँदा विज्ञापनकै लागि अस्वस्थ प्रतिस्पर्धा बढिरहेकाले सरकारी संयन्त्रले नै विज्ञापन दररेट निर्धारण गरिदिनुपर्ने बताउनुभयो । उहाँले स्तरीय समाचार र कार्यक्रम दिनसके रेडियोप्रतिको भरोसा कायमै रहने धारणा राख्नुभयो ।

आमसञ्चार प्राधिकरणका प्रशासकीय प्रमुख उपेन्द्रकुमार सिंहले मधेस प्रदेशका व्यावसायिक तथा सामुदायिक रेडियोको समस्या समाधानका लागि आगामी बजेट तथा कार्यक्रममै समेट्ने गरी सुझाव सङ्कलनको काम भइरहेको जानकारी दिनुभयो । उहाँले समानुपातिक विज्ञापन वितरणका लागि सरकारबाट उचित रकम र विद्युत् महसुलमा सहुलियतका लागि प्राधिकरणले पहल गर्ने बताउनुभयो ।

प्राधिकरणका अध्यक्ष यादवले पनि सरकारी तवरबाट हुने सहुलियतका लागि आफूहरूले पहल गर्ने र रेडियोले पनि बैंकमा जस्तै मर्जरमा जान बहस सुरु गर्न जरुरी रहेको सुझाव दिनुभयो । "रेडियो बन्द नै हुनु राम्रो होइन । समस्या समाधानका लागि प्राधिकरणले गम्भीरतापूर्वक पहलकदमी लिन्छ", उहाँले भन्नुभयो ।

मधेस प्रदेशमा अहिले एक सयभन्दा बढी एफएम रेडियो छन् । त्यसमध्ये १९ बन्द अवस्थामा छन् । रौतहटमा पाँच, सप्तरीमा चार, महोत्तरी र सिरहामा तीन-तीन, पर्सामा दुई तथा बारा र सर्लाहीमा एक-एक एफएम रेडियो बन्द छन् ।

# मधेस प्रदेश : बक्यौता भुक्तानी गर्न माग

जनकपुरधाम, २६ माघ (रासस) ।

मधेस प्रदेशमा विगत आर्थिक वर्षमा सञ्चालित मुख्यमन्त्री स्वच्छता अभियान कार्यक्रमअन्तर्गतका योजनाको करिब रु एक अर्ब बक्यौता रकम तत्काल भुक्तानी गर्न निर्माण व्यवसायीले आग्रह गर्नुभएको छ ।

मधेस प्रदेशका भौतिक पूर्वाधारमन्त्री सरोज यादवलाई बुधबार मन्त्रालयमा भेटेर व्यवसायीहरूले विगत दुई वर्षदेखि बक्यौता रहेको रकम भुक्तानी नगरे गम्भीर समस्या आउनसक्ने बताएका छन् । निर्माण व्यवसायीका तर्फबाट व्यवसायी खुशीलाल ठाकुरले ४१ वटा योजनाको करिब रु एक अर्ब रकम भुक्तानी गर्न बाँकी रहेकाले तत्काल समस्या समाधान गर्नुपर्ने बताउनुभयो । उहाँले सार्वजनिकरूपमा प्रतिस्पर्धा गरेर छनोट भएका व्यवसायी र सरकारबीच योजना सम्झौता भई काम भइसकेपछि प्रक्रिया नपुगेको भनी अल्झाउने काम भइरहेको आरोप लगाउनुभयो । "४१ योजनामध्ये अधिकांश व्यवसायीले काम सम्पन्न गरिसक्नुभएको छ, कतिपय काम बीचमै रोकिएको छ, तर भुक्तानी दिइएको छैन", ठाकुरले भन्नुभयो, "एक/दुई वर्षदेखि करोडौँ रकम भुक्तानी नहुँदा निर्माण व्यवसायी र उधारोमा सामान दिएका व्यवसायी घरबार बेच्न बाध्य भएका छौँ, यसको समाधान छिटो गरिदिनुपर्‍यो ।"

व्यवसायी देव झाले पनि वर्ष दिनसम्म करोडौँ रकम भुक्तानी नपाउँदा आफूहरूले निकै सास्ती खेपेको बताउनुभयो । अर्का व्यवसायी रविशङ्कर यादवले सरकारले समयमै भुक्तानी नदिए व्यवसायीहरूले गम्भीर क्षति व्यहोर्नुपर्ने अवस्था आएकाले गम्भीरतापूर्वक आफूहरूका माग सुनुवाइ गर्न सरकारलाई आग्रह गर्नुभयो । जवाफमा भौतिक पूर्वाधारमन्त्री सरोज यादवले बक्यौता रकम भुक्तानी गर्न सरकारले पहल सुरु गरेको बताउनुभयो । उहाँले आवश्यक प्रक्रिया पूरा गरेर बक्यौता रकम भुक्तानी गर्न पहल सुरु भइसकेकाले व्यवसायीलाई आश्वस्त हुन आग्रह गर्नुभयो । "हाम्रो मन्त्रालयअन्तर्गत उपभोक्ता समितिबाट सञ्चालित केही योजनाको रु ३४ करोड र मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयबाट कार्यान्वयन भएको मुख्यमन्त्री स्वच्छता कार्यक्रमको करिब रु एक अर्ब भुक्तानी गर्न बाँकी छ", मन्त्री यादवले भन्नुभयो, "यो सबै रकम भुक्तानीका लागि आवश्यक प्रक्रिया पूरा गर्न अध्ययन समिति बनाएका छौँ, त्यसको प्रतिवेदनका आधारमा बाँकी काम हुन्छ ।"

मन्त्रालयको ग्रामीण सडक महाशाखा प्रमुख सञ्जयप्रसाद साहले पुरानो आर्थिक वर्षको रकम भुक्तानीमा केही कानुनी र प्रक्रियागत समस्या भएकाले प्याकेजमा समस्या समाधान हुने गरी काम गर्नुपर्ने बताउनुभयो । उहाँले सार्वजनिक खरिद नियमावली, २०७९ को बाह्रौ संशोधनले पनि समस्या समाधान नभएकाले अब भुक्तानी पाउने सुनिश्चिततासहित आवश्यक कानुनी सुधार गर्नुपर्नेमा जोड दिनुभयो । तत्कालीन मुख्यमन्त्री लालबाबु राउतको पालामा प्रदेशमा स्वच्छता कायम गर्ने उद्देश्यसहित मुख्यमन्त्री स्वच्छता अभियान सञ्चालन गरिएको थियो । जसअन्तर्गत सरकारी कार्यालय, बाटोघाटो, धार्मिकस्थल, विद्यालय, पोखरी, इनारलगायत सार्वजनिकस्थल तथा निजी स्थानमा सरसफाइ तथा स्वच्छताको स्तर बढाउने लक्ष्य राखेको थियो । त्यही कार्यक्रमअन्तर्गत सार्वजनिक शौचालय, पार्क तथा पोखरीको सौन्दर्यीकरण, मन्दिरहरू सौन्दर्यीकरणका काम भएका थिए ।

### पुर्ण साक्षर प्रदेश ...

नहुने तर्क गर्दै उनले शिक्षा क्षेत्रको समस्यालाई हल गर्न नगरपालिकाले श्रोत साधानले भ्याए सम्म सहयोग गर्ने बताईन ।

कार्यक्रममा विधालयका प्राधानाध्यपक भोला प्रसाद साहले विधालयमा भौतिक पुर्वाधारको आभावका बाबजुद शिक्षण शिकाई गर्दै जिर्ण रहेको विधालय भवनको पुर्ननिर्माणका तथा फर्निचरको व्यवस्थापन लागि सहयोग गर्न प्रदेश सरकारसँग आग्रह गरे ।

विधालय व्यवस्थापन समितिका अध्यक्ष श्याम नारायण चौधरीको अध्यक्षतामा आयोजित कार्यक्रममा पुर्व प्रदेश सभासदस्य नेत्र विक्रम साह, वडाअध्यक्ष शशि चौधरी, शिक्षक अभिभावक संघका राधेश्याम साह, पुर्व शिक्षक सुरेन्द्र चौधरी, स्थानीय सत्रुधन साह, शिक्षक फुलचन्द्र साह, एन प्याब्सन सप्तरीका अध्यक्ष नरेश प्रताप साह, अभिभावक रामकुमार साह, राजविराज नगरपालिकाका निमित प्रमुख प्रशासकीय अधिकृत निरन्जन कुमार यादव लगायतले शैक्षिक गुणस्तरका लागि शिक्षक, अभिभावक लगायत सबै सरकोकारवाला मिलेर काम गर्नु पर्नेमा जोड दिए ।

सो अवसरमा अनिवार्य अबकाश प्राप्त गरेका शिक्षिका जया कुमारी दासलाई दोसल्ला ओढाएर प्रमुख अतिथी मन्त्री यादवले सम्मान गरेका थिए ।


डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# पूर्व-पश्चिम विद्युतीय रेलमार्गको प्रगति छ प्रतिशत मात्रै

काठमाडौँ, २६ माघ (रासस)।

नागरिकले आशाका साथ हेरिरहेको विकास योजनामा पर्ने पूर्व-पश्चिम रेलमार्ग निर्माण अघि बढ्न सकेको छैन। नौ सय किमीभन्दा बढी लम्बाइमध्ये हालसम्म ५५ किमी अर्थात् छ प्रतिशत मात्रै सम्पन्न भएको रेल विभागले जनाएको छ।

हालसम्म बर्दिवासबाट निजगढसम्म ७० किमी निर्माणको मात्रै योजना बनेको विभागका महानिर्देशक रोहितकुमार बिसुरालले बताउनुभयो। उहाँका अनुसार बाँकी अरु खण्डमा निर्माणको योजना बनेको छैन। एउटा खण्डमा भने विस्तृत अध्ययन प्रतिवेदन (डिपिआर) अध्ययनका क्रममा रहेको छ।

बीचमा सानो खण्डमा मात्रै काम सुरु भए पनि आयोजना नै सम्पन्न गर्ने गरी काम सुरु हुन बाँकी रहेको उहाँले बताउनुभयो। यही गतिमा गर्दा झण्डै बीस/तीस वर्ष लाग्नसक्ने देखिएको छ। बर्दिवासबाट निजगढतर्फ निर्माण भइरहेको योजनाले जनाएको छ। यो आवमा १५ किमी निर्माणको लक्ष्य रहेको र सोहीअनुसार निर्माण भइरहेको महानिर्देशक विसुरालले जानकारी दिनुभयो।

निर्माणाधीन खण्डमा वन क्षेत्रको समस्या रहेकाले निर्माणमा बाधा पुगिरहेको विभागले जनाएको छ। बर्दिवासको खण्डमा पुल पनि निर्माणाधीन रहेको छ। वन क्षेत्रमा रेलमार्ग निर्माण गर्ने निर्णय भए पनि सामुदायिक वन उपभोक्ता समिति, जिल्ला वन कार्यालय, वन पैदावार विकास समितिलगायत निकाय सबै सहमत नहुँदा निर्णय कार्यान्वयन गर्न गाह्रो हुने उहाँले बताउनुभयो।

भारत सरकारको सहयोगमा निर्माणाधीन अरु योजनाजस्तै पूर्व-पश्चिम रेलमार्गमा पनि 'ब्रोड गेज'मा निर्माण भइरहेको छ। हाल भारतको जयनगरबाट धनुषाको कुर्थासम्म रेल सञ्चालनमा छ। महोत्तरीको विजुलपुरासम्म रेलमार्ग सम्पन्न भइसकेकाले त्यहाँसम्म नै सञ्चालन गरिने सरकारको योजना छ। भारत सरकारको सहयोगमा नै बर्दिवाससम्म रेलमार्ग निर्माण हुनेछ। बर्दिवाससम्म रेलमार्ग बनेपछि त्यहाँबाट निजगढसम्म लैजाने गरी सरकारले यो खण्ड निर्माण गरिरहेको महानिर्देशक विसुरालले बताउनुभयो।

आयोजनामा सरकारले वार्षिकरुपमा विनियोजन गर्ने बजेट कम रहेकाले गति लिन नसकेको विभागले जनाएको छ। आयोजनामा हालसम्म वैदेशिक लगानी निश्चित भइसकेको छैन। रेलमार्गको बीचको एउटा खण्डमा अझै पनि विस्तृत अध्ययन सकिएको छैन। पहिले सबै खण्डमा एकैपटक अध्ययन भइसके पनि रेखाङ्कनमा राष्ट्रिय निकुञ्ज परेकाले सो रेखाङ्कन परिवर्तन गरेर हेटौँडा हुँदै भरतपुर पुग्ने गरी तय गरिएकाले बाँकी रहेको हो।

आयोजना आफैँ सरकारको प्राथमिकतामा नपरेको र विभिन्न कानुनी अलमल कायम रहेको महानिर्देशक विसुरालले बताउनुभयो। केही समय पहिले आएको रेल्वेसम्बन्धी ऐनले रेल सञ्चालनका लागि बोर्डको व्यवस्था गरेको छ। बोर्डको नयाँ संरचना बनाएर विकास गर्न अलमल रहेको उहाँले बताउनुभयो।

ऐनको अवधारणाअनुसार बोर्डमा राजनीतिक नियुक्तिको व्यवस्था छ। उहाँले भन्नुभयो, "बोर्डका लागि नयाँ भर्ना गरेर कर्मचारी नियुक्त गर्नुपर्ने, कार्यालय खडा गर्नुपर्ने र कानुन बनाउने गर्न समय लाग्न सक्छ।"

रेल सबैभन्दा सस्तो र सुरक्षित यातायातको साधन मानिने महानिर्देशक विसुरालले बताउनुभयो। अरु यातायातका माध्यमभन्दा यात्रुका लागि सस्तो पर्ने र दुर्घटनाको जोखिम कम भएकाले पनि यसको आवश्यकता महसुस हुने गरेको उहाँको भनाइ छ। रेल एक्लैको विकासभन्दा पनि यातायात क्षेत्रको एकीकृत विकास आवश्यक रहेको विषय हाल विज्ञहरुले बताइरहेका छन्। उहाँले भन्नुभयो, "एउटा यातायात मात्रै सोच्नेभन्दा समग्रमा योजना गर्नुपर्छ, कुनकुन किसिमको यातायात कहाँ आवश्यक छ भनी योजना बनाएर अघि बढ्नुपर्छ।"

रेल निर्माणमा नै लामो समय लाग्दा त्यसले लागत बढ्ने उहाँले बताउनुभयो। निर्माण भएको पाँच वर्षमा रेलको मर्मत थाल्नुपर्ने हुन्छ। एकातिर बनाउँदै गयो अर्कातर्फ बिग्रने अवस्था आउने उहाँले बताउनुभयो। रेल चाँडो सम्पन्न गरेर चाँडो सुरु गर्दा मात्रै त्यसले लगानी उठाउन सक्ने उहाँको भनाइ छ।

बसको जस्तो यहाँसम्म बनेको छ चलाउँदै गरौँ भन्ने नभएर रेलमार्ग बनेपछि पनि रेल स्टेशनलगायतका संयन्त्र आवश्यकपर्ने उहाँले बताउनुभयो। भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सचिव केशवकुमार शर्माले नेपालमा रेल सुरु मात्रै भएको र कसरी अघि बढ्ने भन्ने छलफलका क्रममा रहेको बताउनुभयो।

पहिले राजनीतिक नेतृत्वले योजना बनाउने र त्यसैका आधारमा प्राविधिक पक्ष मिलाउनुपर्ने उहाँले बताउनुभयो। उहाँले भन्नुभयो, "कर्मचारीले लगानी सकिन्छ सकिँदैन वा यसरी सकिन्छ भनेपछि राजनीतिक नेतृत्वले पुनःविचार गर्ने हो र अहिले त्यही क्रममा छ।"

पहिले पूर्व-पश्चिम विद्युतीय रेलमार्ग नौ सय ४५ किमी लम्बाइ हुने देखिएको थियो। पहिलेको रेखाङ्कन परिवर्तन गरेर नयाँ अध्ययन हुँदा कूल लम्बाइ परिर्वतन हुनसक्ने देखिएको छ। पुरानो रेखाङ्कन चितवन राष्ट्रिय निकुञ्ज र पर्सा राष्ट्रिय राष्ट्रिय निकुञ्ज भएर जाने गरी अध्ययन भएको थियो। अहिले निजगढ-हेटौँडा-भरतपुरको अध्ययन सकिँदा लम्बाइ केही बढ्ने अनुमान छ।

नेपालमा रेल यातायातमा अहिलेसम्म उल्लेखनीय उपलब्धि हासिल भइनसके पनि धेरै योजना अघि बढिरहेका छन्। नेपालसँग अन्तरदेशीय रेलमार्ग विस्तारमा दुवै छिमेकी देश भारत र चीनले चासो देखाइरहेका छन्। भारतीय सरकारको सहयोगमा सीमा क्षेत्रमा पाँच रेलमार्ग निर्माणको सम्झौता भएकामा हाल दुई स्थानमा निर्माण भइरहेको छ।

भारत सरकारले रक्सौलबाट सङ्घीय राजधानी काठमाडौँसम्म रेलमार्ग निर्माणका लागि अध्ययन गरिरहेको छ। यसअघि नै पूर्वसम्भाव्यता अध्ययन गरिसकेको चीन सरकारले काठमाडौँ-केरुङ रेलमार्ग निर्माणका लागि केही समय पहिले मात्रै विस्तृत अध्ययन सुरु गरेको छ। पहिले रेल यातायात भौतिक पूर्वाधार मन्त्रालयमा एउटा आयोजनाका रुपमा रहेको थियो। विसं २०६८ देखि रेल विभाग स्थापना भएपछि त्यसले नै रेल यातायातमा काम गरिरहेको छ।

***झण्डै एक लाख ...***

ब्यक्तीको नाम अझै मतदाता सूचिमा समावेश हुन नसकिरहेको बताए।

उनले राष्ट्रियस्तरमा औसत साक्षरताको प्रतिशत ६५ दशमलव ९ रहेकोमा दलितको ५२ दशमलव ४ प्रतिशत रहेको जानकारी दिए। त्यस मध्ये पनि तराईका दलित साक्षरता प्रतिशत ३४ दशमलव ५ मात्र रहेको उनले प्रस्तुत गरेको तथ्याङ्कमा उल्लेख छ।

दलित समुदायबाट निर्वाचित जिल्ला भरीका स्थानीयतहका ७ वडाअध्यक्ष र ६९ कार्यपालिका सदस्य गरी ७६ जनप्रतिनीधी सहितको भेला राखेर गरिएको कार्यक्रममा सहभागी अधिकाँशले अनलाईन मार्फत मतदाता नामावली दर्ता संगै नागरिक्ता जारी हुने कार्यालयबाट पनि नियमित रुपमा मतदाता नामावलीमा नाम संकलनको व्यवस्था हुनु पर्नेमा जोड दिएका थिए।

सप्तरीबाट सूरु भएको यो कार्यक्रम मधेश प्रदेशको १ सय ३६ वटै पालिकामा अभियान कै रुपमा संचालन गरिने आयोजक संस्थाले जनाएको छ। यसका लागी भेलाबाट विहीवार नै सप्तरी जिल्लामा तयारीका लागी विष्णुपुर गाउँपालिकाका कार्यापालिका सदस्य अशोक कुमार रामको संयोजकत्वमा १८ सदस्यीय दलित संजाल समिती समेत गठन गरिएको छ। उक्त समितिको सदस्यमा १८ वटै पालिकाबाट निर्वाचित दलित समुदायका जनप्रतिनीधी सदस्य छन्।

कार्यक्रममा नेपाल पत्रकार महासंघ सप्तरी शाखाका सभापती श्रवण कुमार देव, दलित अगुवा राजकुमार पासवान, अशोक राम, रन्जु सरदार, हरेराम मण्डल लगायतले पनि बोल्दै मतदाता सुचिमा समावेश हुन छुटेका दलित लगायत सीमान्तकृत समुदायको नाम समावेश गर्न तत्काल सरकारले आवश्यक पहल गर्नु पर्नेमा जोड दिए।

# रविको दोहोरो राहदानी उपर सरकारी वकिलको कार्यालयबाट सबै निकायमा कागजात माग

**दैनिक समाचारदाता**
**काठमाडौं, २६ माघ।**

राष्ट्रिय स्वतन्त्र पार्टी का सभापति रवि लामिछानेले दोहोरो राहदानी लिएको भन्दै परेको उजुरीमा जिल्ला सरकारी वकिलको कार्यालय काठमाडौंले कागजात संकलन सुरु गरेको छ। मंगलबार जाहेरी परेपछि बुधबार सरकारी वकिलको कार्यालयले विभिन्न तीन निकायबाट रवि लामिछानेको नागरिकता र राहदानीसम्बन्धी कागजात मगाएको हो।

'हामीले आजमात्रै निर्णय गरेर जिल्ला प्रशासन कार्यालय, अध्यागमन विभाग र राहदानी विभागमा उहाँको बारेमा विस्तृत विवरण मगाएका छौं' सरकारी वकिलको कार्यालय काठमाडौंका एक सरकारी वकिलले भने, 'उहाँ (युवराज पौडेल सफल)ले दिएको जाहेरीको सत्यता के हो, जाहेरीमा उल्लेख भए अनुसारको सत्यता हो कि होइन भन्ने परीक्षण हुन्छ। तीनवटै निकायबाट प्रमाण संकलन भएर पुष्टि भएपछि बल्ल जाहेरी दर्ताका लागि जिल्ला प्रहरी परिसर, काठमाडौंमा पठाउने योजना छ।

जिल्ला प्रहरी परिसर, काठमाडौंले निवर्तमान गृहमन्त्री रवि लामिछाने विरुद्धको जाहेरी दर्ता लिन अस्वीकार गरेपछि युवराज पौडेल सफलले सरकारी वकिलको कार्यालय, काठमाडौंमा जाहेरी पेश गरेका थिए। सरकारी वकिलले जाहेरीमा उल्लेखित व्यहोरासँग सम्बन्धित कागजात र अरु विवरण मगाएको हो।

लामिछानेले १० फागुन २०५० सालमा जिल्ला प्रशासन कार्यालय काठमाडौंबाट सुरुमा नागरिकताको प्रमाणपत्र लिएका थिए। अमेरिका गएपछि उनले २१ फेब्रुअरी २०१४ (तदनुसार ९ फागुन २०७०)मा त्यहाँको नागरिकता प्राप्त गरे। अमेरिकाको नागरिकता पाएपछि ११ मे २०१५ (२८ वैशाख २०७२) मा उनी नेपाल फर्किए र १३ जेठमा नेपाली पासपोर्ट लिए।

लामिछाने नेपाल फर्कदा अमेरिकाको नागरिकता त्यागेका थिएनन्। १३ माघ २०७९ मा सर्वोच्च अदालतले विदेशको नागरिकता लिनेहरुको नेपाली नागरिकता कायम नरहने भनी व्याख्या गरेको थियो। 'कायम नभएको' नेपाली नागरिकता देखाएर लामिछानेले नेपाली पासपोर्ट लिएकोले उनीमाथि झुटो विवरण पेश गरेको आरोप लागेको हो।

पासपोर्ट लिने बेलामा फारम भर्दा आफ्नो नागरिकता खुलाउनुपर्छ, जसमा लामिछानेले अमेरिकी नागरिकता लुकाई आफू नेपाली नागरिक रहेको भनी नेपाली पासपोर्ट लिएका थिए। करिव ३ वर्ष १ महिनासम्म उनले एकसाथ अमेरिका र नेपालको पासपोर्ट साथमा राखेका थिए। ४ जेठ २०७५ मा अमेरिकी नागरिकता त्याग्ने निवेदन दिएका उनले ४० दिनपछि मात्रै त्यो प्रक्रिया पूरा भएको पत्र पाएका थिए।

एक सरकारी वकिलका अनुसार तीन निकायमा लामिछानेबारे फरक फरक विवरण मागिएको छ। राहदानी विभागमा पठाएको पत्रमा २८ वैशाख २०७२ मा लामिछानेले ०८८३४८३८ नम्बरको नेपाली पासपोर्ट लिएको हो कि होइन भनी सोधिएको छ। जिल्ला प्रशासन कार्यालयमा २८ वैशाख २०७२ मा रवि लामिछानेको नेपाली नागरिकताको प्रमाणपत्र

***बाँकी अन्तिम पृष्ठमा***

## विश्व समाचार

### टर्कीए र सिरियामा भूकम्पमा मृत्यु हुने पन्ध्र हजारभन्दा बढी

अङ्कारा (दमासकास), २६ माघ (रासस/सिन्ह्वा)।

टर्कीए र सिरियाको सीमा क्षेत्रमा गएको विनाशकारी भूकम्पमा परी मृत्यु हुनेको सङ्ख्या १५ हजार नाघेको अधिकारीहरुले जनाएका छन्। बिहीबार बिहानसम्मको प्राप्त तथ्याङ्कअनुसार सो भूकम्पमा परेर ज्यान जानेको सङ्ख्या दुवै देशमा गरेर १५ हजार तीन सय ८३ पुगेको छ। दुवै देशका सरकारी अधिकारी तथा उद्धारकर्मीले बिहीबार बिहान सार्वजनिक गरेको तथ्याङ्कमा सो जानकारी दिइएको समाचारमा जनाइएको छ।

बिहीबार बिहानसम्म टर्कीएमा भूकम्पबाट ज्यान जाने नागरिक १२ हजार तीन सय ९१ जना पुगेका छन्। टर्कीएको बिपत व्यवस्थापन विभागलाई उद्धृत गर्दै सो समाचार दिइएको छ। त्यस भूकम्पबाट टर्कीएका धेरैको मृत्यु भएको बताइएको छ। टर्कीएका राष्ट्रपतिको कार्यालय स्रोतका अनुसार टर्कीएमा भूकम्पमा परी १२ हजार तीन सय ९१ जनाको मृत्यु भएको छ। यसअघि टर्कीको विपद् व्यवस्थापन निकायले ४४ हजारभन्दा बढी मानिस घाइते भएको जनाएको थियो। घाइतेलाई अस्पताल पुऱ्याइएको छ र अस्पतालमा नै मानिसको निधन भएका समाचारहरु आइरहेका छन्।

उता सिरियामा पनि सो भूकम्पमा परी बिहीबारसम्म ज्यान जाने व्यक्तिको सङ्ख्या एक हजार दुई सय नाघेको छ। त्यहाँ दुई हजार जनाभन्दा बढी व्यक्ति घाइते भएका छन्। टर्कीएको दक्षिणी प्रान्त कहरामनमारसमा स्थानीय समयअनुसार सोमबार बिहान ४:१७ बजे ७.७ म्याग्निच्यूडको भूकम्प गएको थियो भने त्यसको केही मिनेटपछि देशको दक्षिणी प्रान्त गाजियान्टेपमा ६.४ म्याग्निच्यूडको भूकम्प गएको थियो। त्यस्तै सोही दिन दिउँसो १:२४ मा ७.६ म्याग्निच्यूडको भूकम्प गएको थियो। टर्कीए र सिरियामा सोमबार गएका दुई ठूला र घातक भूकम्पको केन्द्रविन्दु रहेको कहरमानमारासमा उद्धारकर्मी जीवित व्यक्तिको खोजीका लागि जुटेका छन्।

धेरै देश र विश्वव्यापी सहायता एजेन्सीले भूकम्प प्रभावित क्षेत्रमा उद्धार टोली र राहत सामग्री प्रदान गरिरहेका छन्। यसै क्रममा चिनियाँ उद्धार टोली पनि चार्टर्ड विमानबाट टर्कीएको भूकम्प प्रभावित क्षेत्रमा उद्धारकार्यमा सहयोग गर्न बुधबार अदाना विमानस्थलमा आइपुगेको छ। उता अमेरिकी अधिकारीहरुले पनि उद्धारको कामका लागि अमेरिकी टोली पठाइएको बताएकमा छन्। संयुक्त राष्ट्रसङ्घले पनि विभिन्न सहायता एजेन्सी पठाएर सहयोग गरिरहेको जनाएको छ।

### बेलाइतद्वारा रुसमाथि नयाँ प्रतिबन्धको घोषणा

लन्डन, २६ माघ (रासस-एएनआई)।

युक्रेन युद्धको विषयलाई लिएर बेलाइतले रुसविरुद्ध थप प्रतिबन्धकपो घोषणा गरेको छ। बेलाइतका विदेश मन्त्री जेम्स क्लिभरलीले बुधबार रूसी सेना र क्रेमलिन अभिजात वर्गहरू विरुद्ध नयाँ चरणको प्रतिबन्धको घोषणा गर्नुभएको छ। युक्रेनका राष्ट्रपति जेलेन्स्की बेलाइती प्रधानमन्त्री ऋषि सुनक र राजा चाल्ससँग भेटघाट गर्न बेलाइत पुग्नु भएको छ। उहाँले बेलाइतको संसद्लाई सम्बोधन गर्ने कार्यक्रमबीच यो घोषणा भएको हो। यो घोषणा युक्रेन विरुद्ध ड्रोनजस्ता विभिन्न किसिमका सैन्य उपकरण उपलब्ध गराउँने छ वटा संस्था, कुलीन आठ व्यक्ति र एउटा संस्था विरुद्ध केन्द्रित हुनेछ। बेलाइती विदेशमन्त्री क्लिभरलीले यो प्रतिबन्धले रुसी राष्ट्रपति भ्लाडिमिर पुटिनलाई थप आर्थिक दवाब पर्ने बताउनुभएको छ।

"यी नयाँ प्रतिबन्धले पुटिनमाथिको आर्थिक दवाबलाई थप बलियो बनाउँने छ। युक्रेनलाई विजयी बनाउन मद्दत गर्न र रुसलाइ कमजोर पार्न म दृढ छु। यी कुरा हाम्रो कानुनसँग मेल खान्छन्", उहाँले भन्नुभयो। यो लागू प्रतिबन्ध सीएसटी, ड्रोन निर्माता, आरटी-कम्प्लेक्ट, द्वन्द्वमा प्रयोग हुने हेलिकप्टरका पार्टपूर्जा बनाउँने कम्पनी र अन्य सैन्य उपकरणको ढुवानी व्यवस्थापन गर्ने ओबोरोनोलोजिस्टि, एन्टी-एयरक्राफ्ट मिसाइल निर्माणसँग सम्बन्धित छ। त्यसैगरी सैन्य उड्डयनमा सङ्लग्न सफ्टवेयर कम्पनी टोपाजलगायतलाई पनि बेलाइतले प्रतिबन्ध लगाएको छ। यसका अतिरिक्त कुलीन लक्षित व्यक्तिमा बोरिस टिटोभ, निकोले एगोरोभ, सर्गेई रुडनोभ, स्वेतलाना क्रिभोनोगिख र विक्टर म्याचिन रहेका छन्। यसबाहेक, बेलाइत सरकारले प्रतिबन्ध लगाएका व्यक्तिमा एलेक्सी रेपिक, इभजेनी स्कोलोभ र पावेल टिटोभ समावेश छन्। रुस-युक्रेन युद्ध विगत एक वर्षदेखि निरन्तर जारी छ।

### इयुद्वारा भूकम्प प्रभावित टर्किएका लागि ३६ उद्धार टोली परिचालन

ब्रसेल्स, २६ माघ (रासस/सिन्ह्वा)।

युरोपेली युनियन (इयु) सदस्य राष्ट्र एवम् इयु नागरिक सुरक्षा संयन्त्रमा सहभागी तीन देशले भूकम्प प्रभावित तुर्किए, जेनेजमा) बुधबार ३६ वटा उद्धार र चिकित्सा टोली पठाउने प्रस्ताव गरेका छन्। भूकम्पबाट उत्पन्न सङ्कट व्यवस्थापनका लागि युरोपेली आयुक्त लेनार्सिकले सो कदम चालिएको बताउनुभएको छ। टोलीमा करिब एक हजार ५०० उद्धारकर्मी, स्वास्थ्यकर्मीका साथै एक सयवटा खोज तथा उद्धार कुकुर परिचालन गरिएको बताइएको छ। इयु सुरक्षा टोली पनि समन्वयमा सहयोग गर्न खटाइएकोउहाँले बतउनुभएको छ।

सोमबार देशको दक्षिणी भागमा शक्तिशाली भूकम्प गएपछि तुर्किएले इयु नागरिक सुरक्षा संयन्त्र सक्रिय बनाएको छ। यस किसिमको समूह युरोप र बाहिरका कुनै पनि देशका लागि आवश्यक उद्धारका लागि तयार गरिएको हो। स्थानीय समयअनुसार सोमबार बिहान ०४:१७ मा तुर्किएको दक्षिणी प्रान्त कहरामनमारासमा ७.७ म्याग्निच्युडको शक्तिशाली भूकम्प गएको थियो।

टर्कीको दक्षिणी प्रान्त हाते र सिरियाको उत्तरी शहर एलेप्पोमा सबैभन्दा ठूलो जनधनको क्षति भएको छ। लेबनान, इजरायल र साइप्रसले पनि भूकम्पको धक्का महसुस गरेका छन्। इयुले भूकम्प प्रभावित देशमा राहत र उद्धारकार्यलाई तीव्रता दिएको जनाएको छ।

# अध्यक्षलाई निजी सचिवालय र अधिकृतलाई २५ हजार मासिक घर भाडा




**दैनिक समाचारदाता**
**राजविराज, २६ माघ ।**

सप्तरीको महादेवा गाउँपालिकाका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतले सेवा सुविधा एकलौटी ढंगले लिइरहेको खुलासा भएको छ ।

गाउँपालिका अध्यक्ष सुनिल कुमार मण्डलले गाउँपालिकाको वडा नम्बर ५ स्थित आफ्नो निजी घरमा गापाबाट करिब १२ लाख बराबरको निजी सचिवालय सञ्चालनका लागी कम्प्युटर, फर्निचर, पंखा, ईन्टरनेट, जडान गरेका छन भने दुई जना कर्मचारीलाई करारमा समेत नियुक्त गरेका छन् ।

त्यस्तै प्रमुख प्रशासकीय अधिकृत केशव कुमार झाले प्रत्येक महिना पचिस हजार घर भाडा र सञ्चार खर्च वापत सेवा सुविधा लिने गरेको लेखा शाखा श्रोतले जनाएको छ ।

आफ्ना निजी घरमा बस्दै आएर गापाबाट मासिक तलब, भत्ता, घर भाडा, सञ्चार खर्च, ईन्धन, लगायत बापत मासिक लाखौ रकम सेवा सुविधाको नाममा आम जनताको ढार सेक्ने गरी कर थुपारेर विलासीताको साधन उपयोग गरी रहेको श्रोतले जनाएको छ ।

नेकपा (माओवादी केन्द्र)बाट महादेवा गाउँपालिकाको अध्यक्ष पदका उम्मेदवार दिपेन्द्र माझीले गाउँपालिकाले पुराना सेवा करारका ६९ जना कर्मचारीलाई बिना जानकारी सेवाबाट हटाएर आफ्ना लोसपाका कार्यकर्ता, परिवार र आफन्तलाई नियुक्ति दिएको आरोप लगाएका छन् ।

त्यस्तै गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत झाले आफन्त अमरेन्द्र पाठकलाई कम्प्युटर अपरेटरमा नियुक्त गरिएको माझीको आरोप छ । उनले पालिकामा प्रमुख प्रशासकीय अधिकृत झा र अध्यक्ष मण्डलले मनपरी गर्दै आफ्ना आसेपासे, आफन्त, पार्टीका कार्यकर्तालाई जागिर खुवाउनुका साथै विकासी बजेटमा समेत मनपरी गरी रहेको उनको आरोप छ ।

सो सम्बन्धमा प्रमुख प्रशासकीय अधिकृत झा संग बुझ्दा आफुले नियम, कानुन बमोजिम मात्र सेवा, सुविधा लिने गरेको बताए ।

### रविको दोहोरो ...

कायम थियो कि थिएन भनी विवरण खुलाएर पठाउनु भनिएको छ ।

सरकारी वकिल कार्यालय, काठमाडौंले अध्यागमन विभागलाई २८ वैशाख २०७२ मा लामिछानेले लिएको ०८८३४८३८ नम्बरको नेपाली पासपोर्ट लिएपछि विदेश भ्रमण गरे/नगरेको बारे विवरण पठाउन भनेको छ ।

आफूविरुद्ध दोहोरो पासपोर्ट लिएको आरोप लागेपछि लामिछानेले त्यसलाई स्वीकारेका थिए, तर आफूले त्यो पासपोर्ट कहिल्यै प्रयोग नगरेको दाबी गरेका थिए । उनले २०७२ सालको पासपोर्ट केही दिनअघि मात्रै राहदानी विभागमा फिर्ता गरेका थिए । तर जाहेरीमा भएको व्यहोरा अनुसार, उनी दोहोरो पासपोर्ट लिएकै अवस्थामा नेपाली पासपोर्ट प्रयोग गरी संयुक्त अरब इमरेट्स, दक्षिण कोरिया र जापान पुगेका थिए ।

तीनवटा निकायबाट विवरण आएपछि त्यसका आधारमा अघि बढ्ने सरकारी वकिलको तयारी छ । जाहेरीमा उल्लेखित व्यहोरा पुष्टि हुनेगरी कागजात आएमा त्यसका आधारमा छानबिन गर्नु भनी सरकारी वकिलको कार्यालयले जिल्ला प्रहरी परिसर, काठमाडौंमा जाहेरी पठाउनेछ । मुलुकी फौजदारी कार्यविधि संहिता ऐनमा भएको व्यवस्था अनुसार, प्रहरीले जाहेरी नलिएर सरकारी वकिलले त्यसको दर्ता गरी प्रहरीलाई अघि बढाउन निर्देशन दिने व्यवस्था छ ।

सर्वोच्च अदालतले लामिछानेको मुद्दाको विषयमा फैसला सुनाएलगत्तै उनीविरुद्ध प्रहरीमा जाहेरी दिने प्रयास भएको थियो । गृहमन्त्रालयले पठाएको पत्रका आधारमा यसअघि नै अनुसन्धान चलिरहेको भन्दै प्रहरीले सर्वोच्च अदालतबाट फैसलाको पूर्णपाठ आएपछि मात्रै जाहेरी लिन सकिने भन्दै दर्ता नगरी फर्काएको थियो ।

रवि लामिछानेमाथिको आरोप पुष्टि भए उनीमाथि अहिलेको नभई २०२४ सालमा जारी भएको राहदानी ऐन अनुसार कारबाही हुने देखिन्छ । पुरानो ऐनको दफा ५ मा 'जानीजानी झुठ्ठा विवरण दिई पासपोर्ट प्राप्त गरेमा वा प्राप्त गर्ने उद्योग गरेमा' तीन वर्षसम्म कैद र तीसहजार रुपैयाँसम्म जरिवाना हुने भन्ने व्यवस्था छ ।

लामिछानेविरुद्ध जाहेरी दिएका युवराज पौडेलले प्रहरीमा पेश गरेको जाहेरीको प्रतिलिपी अनौपचारिक रुपमा समेत महान्यायाधीवक्ता कार्यालयमा पुगेको छ । उनले जाहेरीमा भनेका छन्, 'केवल नेपाली नागरिकले मात्रै प्राप्त गर्नसक्ने नेपाली पासपोर्ट प्राप्त गर्ने जुन कार्य गरेका छन्, सो (काम) कानूनद्वारा बर्जित र दण्डनीय छ ।'

# हवाई सेवा सुरक्षित बनाउने विषयमा लिखित जवाफ माग

काठमाडौँ, २६ माघ (रासस) ।

सर्वोच्च अदालतले यातायात सुरक्षासम्बन्धी आवश्यक सुरक्षा मापदण्ड संशोधन गर्न आदेशको माग गर्दै रिट निवेदनमा लिखित जवाफ माग गरेको छ ।

न्यायाधीश प्रकाशमानसिंह राउतको एकल इजलासले बुधबार उक्त विषयमा सरकारसँग लिखित जवाफ माग गर्दै अग्राधिकार प्रदान गरेको छ । वरिष्ठ अधिवक्ता डा दिनेश त्रिपाठीले यही माघ २० गत दायर गर्नुभएको रिट निवेदनमा हवाई यातायात सञ्चालनसम्बन्धी विद्यमान कानुन, नीति एवं हवाई सुरक्षा मापदण्डको संशोधन एवं परिमार्ज गर्न माग गरिएको छ ।

रिट निवेदनमा अहिलेको हवाई यातायात सुरक्षासम्बन्धी व्यवस्थाले हवाई यातायातको क्षेत्र सुरक्षित नभएको हुँदा उक्त मापदण्ड संशोधन र परिमार्जन गर्नुपर्ने आवश्यकता भएको जिकिर गरिएको छ । विशेषज्ञ सम्मिलित उच्चस्तरीय समिति गठन गरी विद्यमान कानुन, नियमका साथै सुरक्षा मापदण्डको पुनरावलोकन गर्न गर्नुपर्ने र अन्तर्राष्ट्रिय नागरिक उड्डयन सङ्गठन (आइकाओ)को मापदण्ड पालना भए/नभएको अनुगमनका लागि स्थायी संयन्त्र निर्माण गर्नसमेत रिट निवेदनमा माग गरिएको छ । साथै हवाई दुर्घटनाको जाँचका लागि स्थायी संयन्त्र निर्माण गर्न माग गरिएको छ ।

**जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?**

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था ।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था ।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था ।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था ।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था ।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था ।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था ।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था ।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था ।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था ।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था ।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था ।
त्यसैले आजै संस्थामा जुटौं, **"बचत गरौं समृद्ध वनौं"**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२,**
**www.janajyoticoop.com.np**

**डा. कालीप्रसाद यादव**
MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203
**कन्सलटेन्ट फिजिसियन**
मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

**डा. रिपला आचार्य**
MBBS, MD (BPKIHS) NMC NO. 19992
**छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ**
डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी
यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ ।
**सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी**
हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७

**जाडो मौसममा सवारी दुर्घटनाको जोखिम बढी हुन सक्छ ।**

- सावधानीपूर्वक सवारी साधन चलाऔं ।
- हुस्सु, कुहिरो, शीतलहरको बेला बत्ति बालेरमात्र सवारी साधन चलाऔं ।
- सवारी साधन चलाउँदा मादक पदार्थ सेवन नगरौं ।
- सवारी चालकले मादक पदार्थ सेवन गरेको शंका लागेमा प्रहरीको निःशुल्क टेलिफोन नं १०० र १०३ मा खबर गरौं ।

आफू पनि बचौं, अरुलाई पनि बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६

ipay remit | City Express Money Transfer | Best Remit | Prabhu Money Transfer | IME International Money Express | himal remit हिमालरेमिट | CG Money

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर,
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*